# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)

## प्रेस विज्ञप्ती

### स्थायी लेखा नम्बर सम्बन्धमा

हालका दिनमा बजार तथा विभिन्न संचार माध्यममा स्थायी लेखा नम्बरको विषयलाई लिएर भईरहेको नकारात्मक टिकाटिप्पणीहरु प्रति बोर्डको गम्भीर ध्यानाकर्षण भएको छ र यसै वीच आज मिति २०७५।१०।१३ मा विभिन्न लगानीकर्ताहरुका संस्थाहरुबाट स्थायी लेखा नम्बरको कार्यान्वयन सम्बन्धमा बोर्डमा ज्ञापन पत्र प्राप्त भएको छ ।

नेपाल सरकारको चालु आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजनामा उल्लेखित दोस्रो बजारमार्फत शेयर खरिद गर्दा खरिदकर्ताले अनिवार्य रुपमा स्थायी लेखा नम्बर लिएको प्रमाण पेश गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयबाट बोर्डलाई निर्देशन प्राप्त भएकोमा यसको संवेदनशीलतालाई दृष्टिगत गरी प्रणालीगत तथा अन्य पूर्व तयारीका लागि नेपाल स्टक एक्सचेन्ज लि. र सिडिएस एण्ड क्लियरिङ्ग लि. लाई लेखी पठाइएको थियो । स्थायी लेखा नम्बर सम्बन्धमा सरोकारवाला र बजारका सम्बद्ध पक्षहरुलाई समेत यस सम्बन्धमा छलफल गराई पूर्वाधारको तैयारीको आधारमा यसलाई कार्यान्वयनमा ल्याउनु पर्छ भन्नेमा बोर्ड सजग रहेको छ ।

बजारको पूर्वाधार, लगानीकर्ताहरुको वित्तीय साक्षरताको अवस्था आदिलाई दृष्टिगत गरी लगानीकर्ताहरुबाट उठाइएका विषयलाई स्थायी लेखा नम्बर लागू गर्ने अधिकारीको रुपमा रहेको नेपाल सरकार, आन्तरिक राजस्व विभाग समक्ष यस सम्बन्धमा यथार्थ स्थितिको जानकारी गराइने व्यहोरा अनुरोध गर्दै यस विषयमा भइरहेका नकारात्मक हल्लाको पछि नलागी सुजवुझ तवरले लगानी सम्बन्धी निर्णय लिन हुन बोर्ड आमलगानीकर्ताहरुलाई विशेष अनुरोध गर्दछ ।

२०७५, माघ १३, आइतवार

प्रवक्ता